
# बार्षिक नगर विकास योजना

# (आ.व. २०८०/८१)

## समीक्षा प्रतिवेदन




वि.सं. २०८१ भाद्र ३० गते

इलाम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम

## १. पृष्ठभूमि

स्थानीय तहहरुबाट वार्षिक रुपमा सम्पादन गरिने कार्यका लागि बजेट स्वीकृत गराई सो स्वीकृत बजेटको अधिनमा रही बजेट कार्यान्वयन गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । स्थानीय तहहरुमा सुशासन तथा पारदर्शी व्यवस्थापनका लागि वार्षिक रूपमा प्रगति समीक्षा हुनु आवश्यक छ । यस अनुसार नगरपालिकाले प्रत्येक वर्ष पहिलो चौमासिक अवधि भित्र वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न गरि सक्नु पर्ने भएकोले आ.ब. ०८०।०८१को वार्षिक प्रगति समीक्षा गोष्ठीको आयोजना गरिएको थियो ।

## २. उद्धेश्य

- आ.ब. ०८०।०८१ मा सम्पन्न योजना तथा कार्यक्रमहरूको समीक्षा गर्ने ।
- वार्षिक समीक्षा गोष्ठीमा प्राप्त सुझावहरूलाई पृष्ठपोषणको रूपमा ग्रहण गर्ने ।
- गत वर्षको समीक्षासँगै चालु वर्षको लागि सुझाव प्रस्तुत गर्ने ।

## ३. अपेक्षित प्रतिफल

- आ.ब. ०८०।०८१ मा न.पा. बाट सम्पन्न योजना तथा कार्यक्रमहरूको बारेमा प्रष्ट हुनेछ ।
- गोष्ठीबाट प्राप्त सुझावहरूलाई पृष्ठपोषणको रूपमा ग्रहण गरी आगामी दिनको लागि मार्गदर्शनको रुपमा लिइनेछ ।
- आम सरोकारवालाहरूले न.पा.को विकास अभियानप्रति राखेको दृष्टिकोण प्रष्ट हुनेछ ।

## ४. कार्यक्रमका सहभागीहरु, कार्यविधि तथा समयावधि

४.१ प्रगति समीक्षा कार्यक्रम विभिन्न महानुभावहरुलाई आमन्त्रण गरिएकोमा **माइन्युट प्रतिलिपि** अनुसारको मात्र उपस्थिति रहेको थियो ।

४.२ कार्यक्रमको कार्यविधि अन्तर्गत औपचारिक रुपमा शुभारम्भ पछि प्रगति प्रतिवेदनको प्रस्तुति तथा प्रतिवेदन उपर सामुहिक छलफल गरी समापन गरिएको थियो । समीक्षा गोष्ठीको निष्कर्ष तथा सुझावको विवरण **माइन्युट प्रतिलिपि** मा उल्लेख गरिएको छ ।

## ५.सम्पन्न समीक्षा गोष्ठीको कार्यक्रम सञ्चालन तालिका

- आसन ग्रहण – नगर प्रमुख श्री केदार थापा
- परिचय
- स्वागत मन्तव्यसहित प्रगति विवरण प्रस्तुति : प्रमुख प्रशासकीय अधिकृत श्री गणेशकुमार खड्का
- खुला छलफल
- धन्यवादसहित कार्यक्रमको समापन – नगर प्रमुख श्री केदार थापा

## ६. निष्कर्ष

(१) खुला छलफलमा आएका सुझावहरुलाई टिपोट गर्ने कार्य भई तत्काल उठेका जिज्ञासाहरुमा प्रष्ट गर्ने कार्य सम्पन्न भएको थियो भने सहभागीहरुबाट नगरपालिकाको निम्न प्रयासको सराहना गर्दै नगरपालिकाको सेवा प्रवाहको स्तर अझ अभिबृद्धि गर्नु पर्ने सुझाव आएको थियो ।

**निम्न :–**

- जन प्रतिनिधिहरुबाट आफू भ्रष्टाचार नगर्ने र गर्न समेत नदिने शपथ ग्रहण साथै आचारसंहिता कार्यान्वयन ।
- सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्र.प्र.अ. र शाखा प्रमुख बीचमा कार्यसम्पादन संझौता कार्यान्वयन ।
- वडास्तरसम्म अनलाइन राजश्व प्रणाली, विद्युतीय हाजिरी प्रणाली, सिसिटिभी क्यामेराको प्रयोग ।
- आम जनताहरुको गुनासो सुनुवाइका लागि प्रत्येक सार्वजनिक विद्यालयमा ६।६ महिनामा वडाध्यक्षको नेतृत्वमा सार्वजनिक सुनुवाइ गर्ने नीति ।



Scanned with CamScanner

- नगरपालिकाको महत्वपूर्ण सेवा प्रवाह मध्येको एक नक्सापास प्रक्रियालाई छिटो छरितो सहज गर्नका लागि क्षतिपूर्ति दिने समेत व्यवस्था ।
- सूचनाको हकको प्रावधानबमोजिम प्रत्येक ३।३ महिनामा स्वत: प्रकाशनको व्यवस्था ।
- नगर प्रहरी डेस्क, स्वास्थ्य हेल्प डेस्क र एमआरसिमार्फत सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि बुझ्ने व्यवस्था ।
- गुनासोहरुलाई शीघ्रातिशीघ्र सुनुवाइका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था ।
- प्रशासनिक खर्च कटौती र आय अभिवृद्धिको प्रयास ।
- नगरको समग्र विकासका लागि सकारात्मक लक्षण ।
- हप्ताको एक दिन भए पनि हवाइ सेवा उडानको पहल ।
- खानेपानीको समस्यामा व्यापक सुधार ।

(२) इलाम नगरपालिकाको आ.ब. ०८०।०८१ को वार्षिक प्रगति विवरणमा छलफल तथा समीक्षा हुँदा सो वार्षिक प्रगति विवरणलाई निम्न सुझाव/निष्कर्षसहित सम्पन्न गरिएको थियो ।

**निम्न :–**

- नगरपालिकाअन्तर्गतका विषयगत समिति र नगरपालिकाअन्तर्गत गठित अन्य विभिन्न समिति तथा कार्यदलहरुको प्रभावकारिता बढाउनु पर्ने ।
- कार्यपालिका सदस्यहरुलाई अझ जिम्मेवार र जवाफदेही बनाउन नगरपालिकाअन्तर्गत गठन हुने समिति, उपसमिति तथा कार्यदलहरुमा जिम्मेवारी दिई सक्रिय गराउनु पर्ने ।
- वडा कार्यालय, विद्यालय, वडास्तरीय स्वास्थ्य केन्द्रहरुमा औजार उपकरण तथा सवारी साधनको व्यवस्थापनका लागि आवश्यकता पहिचान गर्नु पर्ने ।
- अन्तरपालिका समन्वय र संयुक्त साझेदारीका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्नु पर्ने ।
- नगरमा क्रियाशील गैरसरकारी संस्था र सहकारी संस्थाहरुको लेखा परीक्षण तथा आवधिक रिपोर्टिङ्ग समयमा भए नभएको अनुगमन गर्नु पर्ने र यस कार्यका लागि उपप्रमुखको नेतृत्वमा कार्यपालिका सदस्यहरुलाई फिल्ड परिचालन गराउनु पर्ने
- नगरको व्यापार व्यवसाय ह्रासोन्मुख अवस्थातर्फ रहेकोले यसलाई सुधारको लागि पहल गर्नु पर्ने र कृषि उपजहरुको बजारीकरण तथा औद्योगिकीकरणमा ध्यान दिनु पर्ने ।
- इलाम नगरलाई नेपालको पहिलो सफा सहर बनाउने तर्फ लाग्नु पर्ने र स्थानीयस्तरको जलवायु अनुकुलन योजनालाई कार्यान्वयन गर्नु पर्ने ।
- ट्राफिक व्यवस्थापनलाई प्राथमिकतामा राख्नु पर्ने र सो कार्यका लागि नगर प्रहरीको परिचालनमा प्रभावकारिता ल्याउनु पर्ने ।
- राजश्व सुधार कार्ययोजना तयार गरी सा.नि.सा. अवधारणा जस्ता वैकल्पिक अन्य स्रोतहरू खोजी गरी घरेलु उद्योगलाई प्रवर्धन गर्नु पर्ने ।
- नगरको बजेटलाई सबै पक्ष र तल्लो तहसम्म पुऱ्याउन विशेष ध्यान दिदै उपभोक्ता लाभग्राहीहरुको लागत सहभागितामा एकरुपता ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्ने ।
- नगरको पर्यटन विकास तथा प्रवर्द्धनलाई ध्यान दिनु पर्ने र पर्यटन सूचना केन्द्रलाई यथाशीघ्र सञ्चालनमा ल्याउनु पर्ने ।
- विद्यालयहरुको नियमित अनुगमनमा ध्यान दिई अनुगमन प्रतिवेदनलाई कारवाहीमा लग्नु पर्ने ।



Scanned with CamScanner

अनुसूची १ – आ ब ०८०।०८१ को प्रगति प्रतिवेदन

अनुसूची २ – मिति २०८१।५।३० को माइन्युट फोटोकपी

अनुसूची ३ – मिति २०८१।६।६ कार्यपालिका बैठकको फोटोकपी

CamScanner

अनुसूची १

## १.१ इलाम नगरपालिका : संक्षिप्त परिचय

समशितोष्ण हावापानी, पहाडी भूभाग, महाभारत पर्वत श्रृङ्खलामा अवस्थित इलाम नगरपालिका इलाम जिल्लाको सदरमुकाम हो । इलामको नामाकरणका सम्बन्धमा विभिन्न किम्बदन्तीहरू छन् । प्राचीन समयमा लिम्बु जातिहरुको बाहुल्यता रहेकोले लिम्बु भाषामा इ र लाम दुई शब्दको अर्थ क्रमशः घुमाउरो र बाटोबाट इलाम नामाकरण भएको एउटा मत पाइन्छ भने अर्को लाप्चा भाषाबाट इ भनेको पुत्का (एक प्रकारको मौरी) र लोम भनेको बासस्थान हुने भएकोले इलाम नाम रहेको पाइन्छ । यसैगरी श्रीमद्भागवतको नवौं स्कन्धमा वर्णन भए अनुसार प्राचीन समयमा इला भन्ने राजाले यस क्षेत्रमा राज्य गरेकाले उनकै नामबाट इलाम नाम रहन गएको भनाइ पाइन्छ ।

साविक इलाम नगरपालिका (हाल इलाम नगरपालिका वार्ड नं. ६,७,८,९) को अवस्थिति : अक्षांशः२६ डिग्री ५४ मिनट ० सेकेण्ड उत्तर, देशान्तर, ८६ डिग्री ५६ मिनेट २५ सेकेण्ड पूर्व देशान्तर) रहेको थियो भने भौगोलिक हिसाबले ८७° ५३' ३० " देखि ८७° ५७' ४६ " पूर्वी देशान्तर र २६° ५१' ५८ " देखि २६° ५६' ४६ " उत्तरी अक्षांशमा अवस्थित पुनसंरचित वर्तमान इलाम नगरपालिकाको कुल क्षेत्रफल १७३.३५ वर्ग कि.मि. रहेको छ । वर्तमान इलाम नगरपालिकाको चारकिल्ला पूर्वमा माईजोगमाई गाउँपालिका र सूर्योदय नगरपालिका, पश्चिममा देउमाई नगरपालिका, उत्तरमा पाँचथर जिल्ला र सन्दकपुर गाउँपालिका, दक्षिणमा माई र सूर्योदय नगरपालिका रहेको छ । यस नगरपालिकाको केन्द्र इलाम नगरपालिका वार्ड नं. ७ को भानुपथमा रहेको छ । संघीय निर्वाचनको क्षेत्र नं २ मा पर्ने यो इलाम नगरपालिका प्रदेश निर्वाचनको २ क क्षेत्रमा पर्दछ । वडा नं. १० भने प्रदेश निर्वाचनको १क क्षेत्रमा पर्दछ।

इलाम नगरपालिकाको मुख्य क्षेत्र, इलाम बजार सन् १८१८ (१८७५ वि.स.) मा इलाम गौंडाको मुख्यालयको रूपमा स्थापना भएको हो । उक्त समयमा यसलाई खलङ्गा भनिन्थ्यो । नेपाल भारत बिच सम्पन्न सुगौली सन्धिपश्चात नागरीगढीमा रहेको नेपालको प्रशासन बन्दोबस्ती इलामको करफोक र करफोकपछि नामसालिङ्ग हुँदै इलाम डाँडामा सारिएको हो । सो पश्चात यस क्षेत्रमा बस्ती बढेको र तत्कालमा यहाँ सैनिक शिविर, प्रशासनिक भवन निर्माण तथा अन्य आवश्यक भौतिक संरचनाहरूको स्थापना भएको पाइन्छ । वि.सं. १९२० मा बडाहाकिम गजराजसिंह थापाले इलाममा चिया बगान र बि.सं. १९३५ मा चिया कारखानाको स्थापना गरेका हुन । यस कारण हालको इलाम नगरपालिका पूर्वको महत्वपूर्ण व्यापारिक क्षेत्र बन्न पुगेको पाइन्छ ।

सन् १९५८ (वि.स. २०१५) मा नेपाल सरकारले इलामलाई नगरपालिका घोषणा गऱ्यो र सन् १९८९ (वि.सं. २०१६) मा पदम बहादुर देवान पहिलो चेयरम्यान हुनु भयो । पञ्चायती व्यवस्था लागु भए पश्चात सन् १९६० मा इलाम नगरपालिकाको नाम परिवर्तन गरी इलाम नगर पञ्चायत कायम गरियो र सन् १९६२ मा यसलाई ९ वडामा विभाजन गरियो । सन् १९९० मा प्रजातन्त्रको पूर्नस्थापना पश्चात यसको नाम पुनः इलाम नगरपालिका नै कायम गरियो । २७ वर्ग कि. मी. क्षेत्रफल ओगटेको इलाम बजारलाई ९ वटा वडामा विभाजन गरियो । राज्य पुनरसंरचनाअन्तर्गत २०७३ मा इलाम नगरपालिकाको क्षेत्र विस्तार गरी साविकको २७ वर्ग कि.मि. क्षेत्रफलबाट १७३.३५ वर्ग कि.मि. क्षेत्रफल भएको छ भने वडा संख्या १२ भएको छ । यस अनुसार साविकका साँखेजुङ्ग, पुवामझुवा, बरबोटे, माइपोखरीको वार्ड नं. १,२,३ गोदक, साङ्गरुम्बा, सोयाक र सिद्धिथुम्काको ७ नं. वडा इलाम नगरपालिकामा समायोजन भएका छन् ।

सामाजिक आर्थिक, साँस्कृतिक र मनोरञ्जनको हिसाबले इलाम नगरपालिका विशिष्ट र महत्वपूर्ण छ । यस क्षेत्रमा भित्र समुदाय तथा मानव सँस्कृति समावेश छ । यहाँका वासिन्दाको मुख्य धर्म हिन्दु र बौद्ध हो । प्राचीन भिरालो पहाडी भूबनावट, मनोरम चिया बगान, हिमाली झरनाहरू, प्राकृतिक घना जंगल, प्रसिद्ध धार्मिक स्थल तथा अदभूत सँस्कृति रहेको छ । इलामको संस्कृति र प्रकृति पर्यटनको लागि अवसरको रुपमा रहेको पाइन्छ । १३५ हेक्टर

CamScanner

जमिन ओगटेको नेपालको सबै भन्दा पुरानो चियाबगान पनि यही रहेको छ ।भूबनौटको आधारमा यो समशितोष्ण प्रदेशमा पर्दछ र बाहै महिना यहाँको मौसम सदावहार रहन्छ । जैविक विविधताले भरिपूर्ण यो नगरपालिका, समुद्र सतहबाट न्यूनतम ३१० मिटरदेखि ३,०४६ मिटरसम्म फैलिएको छ । इलाम नगरलाई नेपाल सरकारले हरितनगरको रुपमा घोषणा गरेको छ । इलाम एउटा पर्यटकीय नगरको रुपमा विकास भएर गइरहेको अवस्था छ । यसमा कृषि पर्यटनको भूमिका महत्वपूर्ण रहने देखिन्छ ।

### १.२ भूउपयोग नीति अनुसारको क्षेत्रगत विवरण

| क्र.सं. | क्षेत्र | क्षेत्रफल हेक्टरमा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६६११.५४ | ३८.५३ |
| २ | वन क्षेत्र | ९५४८.२२ | ५५.६४ |
| ३ | आवासीय क्षेत्र | ३३६.५३ | १.९६ |
| ४ | व्यावसायिक क्षेत्र | ७.९५ | ०.०५ |
| ५ | औद्योगिक क्षेत्र | १.५९ | ०.०१ |
| ६ | सार्वजनिक उपयोग तथा खुला क्षेत्र | २९६.८९ | १.७३ |
| ७ | नदी तथा तालतलैया क्षेत्र | ३५०.६८ | २.०४ |
| ८ | अन्य क्षेत्र | ६.७९ | ०.०४ |

### १.३ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यस नगरपालिका क्षेत्रभित्र ईलाम नगरपालिका वडा नं. ६ स्थित नारायणस्थान मन्दिर, बजारको केन्द्र भागमा रहेको भिमसेनस्थान मन्दिर, सेतीदवी मन्दिर, माइस्थान मन्दिर, वडा नं. ८ स्थित सिंहवाहिनी आदि ईलाम नगरपालिकाका प्रमुख धार्मिक स्थल हुन् भने वडा नं. ७ मा पर्ने ईलाम चिया बगान, भ्युटावर, वडा न. ६ मा रहेको भालुढुगा, रक्लाइम्विङ्गका लागि वडा न. ८ महभिर र वडा न.९ गोलाखर्क सुकिलुम्वा पार्क त्यसै गरि उच्च स्थानमा रहेको पाटेनागी क्षेत्र लगाएत यहाँको हरियाली यहाँका सुन्दर प्राकृतिक एवं सास्कृतिक स्थानहरु हुन् ।

### १.४ जनसांख्यिक विवरण


इलाम नगरपालिकाको जनगणना, २०७८ को आधारमा जनसंख्या ५०,०८५ रहेको छ जसमध्ये पुरुष ४८.७४ प्रतिशत (२४४११ जना) र महिला ५१.२६ प्रतिशत (२५६७४ जना) रहेका छन् । सोही अनुसार तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरुमा पुरुषको जनसंख्या कम देखिन्छ । यस नगरपालिकामा लैङ्गिक हिसाबले सबै वडामा महिलाको भन्दा पुरुषको जनसंख्या कम देखिन्छ । यस नगरपालिकामा रहेको १२ वडाहरुमा ११,९४३ घरसंख्या र १३,३९५ घर परिवार संख्या रहेका छन् ।

इलाम नगरपालिकामा क्षेत्री, ब्राम्हण पहाडी, नेवार, तामाङ, राई, लिम्बुहरुको वाहुल्यता छ भने अतिरिक्त दलित तथा अन्य जातीहरुको वसोवास भएको पाईन्छ । विभिन्न किसिमका जातजाति, भाषा र धर्म भएको मानिसको वसोवास रहने हुनाले जातिय विविधता, भाषागत विविधता तथा धार्मिक भिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकारात्मक विभिन्नता देखिएको छैन ।


| वडा नं. | कुल घरधुरी | | | कुल जनसंख्या (सन्) | | | | वडाको क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| | सन् २००१ | सन् २०११ | सन् २०२१ | सन् २००१ | सन् २०११ | सन् २०२१ प्रारम्भिक | सन् २०२१ अन्तिम | |
| १ | ७६१ | ९३२ | १०५८ | ३७७९ | ४०४५ | ४३७९ | ४५६९ | 20.61 |
| २ | ४७८ | ५९१ | ६०५ | २५६४ | २५६३ | २४६३ | २४५३ | 15.3 |
| ३ | ५५८ | ६३४ | ७१४ | ३०२० | २९२७ | ३१२१ | ३१२५ | 21.35 |
| ४ | ५३५ | ६३१ | ७४८ | २८८४ | ३००८ | ३०९२ | ३०३४ | 9.27 |
| ५ | ९११ | ११३९ | ११८६ | ४५९१ | ५१०१ | ५१४१ | ५१८७ | 14.38 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ७४६ | ९६८ | १०१७ | ३२१६ | ३८२१ | ४३९७ | ४५११ | 4.55 |
| ७ | १२७२ | १४३५ | १०३६ | ४७४२ | ५१३२ | ५००८ | ५००९ | 1.03 |
| ८ | ७१३ | ९०२ | १०६३ | ३४६० | ३९२२ | ४५९९ | ४५६६ | 9.82 |
| ९ | १२७६ | १४२७ | १४४५ | ४८१९ | ५७५८ | ६४५० | ६४२४ | 11.37 |
| १० | ९२४ | ११३७ | १३६६ | ४६०० | ४९७८ | ४६८९ | ४६११ | 21.91 |
| ११ | ७०० | ७९९ | ८५८ | ३७०० | ३६१६ | ३६०६ | ३५३५ | 25.93 |
| १२ | ६८३ | ७८८ | ८४७ | ३६३७ | ३६६५ | ३५१० | ३०६१ | 17.83 |
| जम्मा | ९५५७ | ११३८३ | ११९४३ | ४५,०१२ | ४८,५३६ | ५०,४५५ | ५०,०८५ | 173.35 |


## जनसंख्याको आकार र वितरण




५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या



वडागत रुपमा जनसंख्याको वितरण




५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या




## वैवाहिक स्थिति

### वैवाहिक स्थिति



### पहिलोपटक विवाह गर्दाको उमेर




## अपाङ्गता

अपाङ्गता भएका जनसंख्याको प्रतिशत

**२.४%**


अपाङ्गता भएका महिलाहरूको प्रतिशत

**२.३%**

अपाङ्गता भएका पुरुषहरूको प्रतिशत


**२.६%**

### अपाङ्गताको प्रकारअनुसार जनसंख्या



## जन्म दर्ता

### जन्म दर्ता



## १.५ आर्थिक विकासको अवस्था

### १.५.१ कृषि तथा खाद्य सुरक्षा

कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको यस नगरपालिकाको करिब ४४.८ प्रतिशत खेतीयोग्य रहेको छ । समुन्द्र सतहबाट न्यूनतम ३१० मि. देखि ३,०४६ मि.सम्म फैलिएको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ । नगरपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य आधार नगदेबालीमा चिया, अलैची, आलु, अम्लिसो, अदुवा, च्याउका साथै खाद्यान्नबालीमा मकै, धान, गँहु, कोदो, जौं ,फापर रहेको पाइन्छ । त्यसैगरी काउली, बन्दा, मुला, रायो, सिमी, काँक्रा, फर्सी, करेला, आलु, गोलभेडा, भिन्डी, स्कुस लगायतका तरकारी व्यवसायिक रुपमा खेती गरिन्छ भने फलफुलमा सुन्तला, केरा व्यवसायिक रुपमा उत्पादन हुन्छ र आरुचा, कागती, नास्पाती, अम्बा, लिची, आँप, मेवा आदी सामान्य रुपमा उत्पादन हुन्छ । इलाम नगरमा हाल ६२ वटा कृषक समूह, ४४ वटा कृषि सहकारी संस्था, २३ वटा दुग्ध सहकारी संस्था, २० वटा बचत तथा ऋण सहकारी संस्था, १२ वटा बहुद्देश्यीय सहकारी संस्था र चिया कफी तथा अन्य सहकारी संस्थाहरु ९ वटा रहेका छन् । आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति भएका घरपरिवार संख्या ९५ प्रतिशत रहेको छ । वार्षिक बृद्धिदरमा कृषि क्षेत्रको योगदान ४८ प्रतिशत रहेको छ । इलाम नगरको सिंचाइ प्रविधिबाट सिंचित जग्गाको जग्गा २४९३ हेक्टर रहेको छ । नगरमा ३७ वटा गाईफार्म, १ वटा भैसी फम, ६४ वटा बाख्रा फार्म, २५ वटा बंगुर फार्म, ३८ वटा कुखुरा फार्म दर्तामा रहेका छन । १२ वटा कृषि पकेट क्षेत्र रहेको छ । नगरमा सरकारी र निजी गरी २० जना पशु स्वास्थ्य कार्यकर्ताहरु सक्रिय रहेका छन ।

### १.५.२ पर्यटन तथा सस्कृति

नगरपालिका भित्र रहेका प्राकृतिक तथा पर्यटकीय क्षेत्रहरुमा इलाम चिया बगान, इलाम बजार, इलाम भ्यू टावर, रक्सेको दुधिले डाँडा, माईखोला, पाटेनागी, पुवामझुवा, दिदीबहिनी झरना, पुवाखोला, कोठी डाँडा, देविथाने झरना, भालु ढुङगा, गुम्बा डाँडा, असले झरना गोदक, भोटे पोखरी पार्क, फनपार्क, हावाखाने बरदेखि झोलुङ्गे पुल, कार्की पार्क, धोवीधारा, यलम्बर पार्क, खर्क पोखरी पार्क, बौद्ध पार्क, गुर्दुम डाँडा, रातमाटे डाँडा, काले दमाई पार्क, मूर्ती डाँडा, सिद्धिथुम्का, छाङ्गे झरना आदि पर्दछन् । धार्मिक क्षेत्रहरुमा साविक बरबोटे ६ कृष्ण प्रणामी मन्दिर, बेतेनी शिव मन्दिर, सेतीदेवी मन्दिर, घेछेन छयोग प्यूरलिङ गुम्बा, सिद्ध सिंहदेवी मन्दिर, नारायणथान मन्दिर, भिमसेनस्थान मन्दिर, माइस्थान मन्दिर, सिङ्गवाहिनी मन्दिर, सुकिलुम्बा मन्दिर, पञ्चकन्या मन्दिर, सिंहदेवी मन्दिर, गौरी ढुङ्गा मन्दिर, बालीकन्या क्षेत्र आदि रहेका छन् भने ऐतिहासिक क्षेत्रहरुमा सुनुवार सङ्ग्रालय, अरनिको सङ्ग्रालय र लेप्चा सङ्ग्रालय रहेका छन् । इलाम नगरमा पर्यटन सूचना केन्द्र १ वटा, होटल तथा लज ६० वटा, होमस्टे ५० वटा, होटलको बेड संख्या ६०० वटा, होमस्टे बेड संख्या २५० वटा रहेको छ ।

### १.५.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस नगरपालिकाको मुख्य व्यापारिक केन्द्रहरु नेपालटार, पुवाखोला बजार, विव्ल्याटे, चुरेघाटी, गोलाखर्क, इलाम बजार आदि रहेका छन् । घरेलु तथा साना उद्योग कार्यालय, इलाम अनुसार यहाँ कुल २४२१ उद्योग तथा व्यवसायहरु दर्ता भएका छन् । यसमा १३३९ वटा घरेलु उद्योग दर्ता रहेका छन् । पाँच अ अर्थात अलौची, अदुवा, अम्रिसो, अकबरे र ओलन बाट प्रसिद्व यस स्थानको को अर्को मुख्य उत्पादन चिया नै हो ।

### १.५.४ आम्दानी, रोजगारी

नगदेवाली उत्पादनबाट यहाँका कृषकको आम्दामी सन्तोसजनक छ भने बजार क्षेत्रमा पर्यटन लक्षित व्यापार व्यावसाय रहेका छन् । वैदेशिक रोजगारीमा गएकाहरुको जनसंख्या ६.२ % रहेको भने ६ प्रतिशत जनसङ्ख्या बेरोजगार छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले मासिक औषत १७ हजारका दरले मात्र घरपरिवारमा विप्रेषण पठाउदा पनि करिब २९ करोड ४५ लाख २१ हजार रुपैया विप्रेषण यस स्थानीय तहमा भित्रिने देखिन्छ । औसतमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको संख्या १४३९ रहेको छ भने पटक पटक गरी वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको संख्या १२०२ रहेको छ ।

### १.५.५ सहकारी र वित्तीय सेवा

यस नगरपालिकामा वित्तीय संस्थाहरूमा १५ वटा "क" वर्गको बाणिज्य बैंक, विकास बैंक ४ वटा, फाइनान्स १ वटैं लघुवित्त १३, विमा कम्पनीहरु जिवनविमा तर्फ १३ वटा र निर्जिवन विमा तर्फ ७ वटा रहेका छन् भने १०८ वटा सहकारी संस्थाहरू रहेको इलाम नगरपालिकामा गरिएको सर्वेक्षण २०८१ को तथ्याङ्कले देखाएको छ । दूध खरिद बिक्री, चिया उत्पादन तथा बिक्री, कृषि उत्पादन खरिद बिक्री, बचत तथा ऋण लगानी, सञ्चार सम्बन्धी, बिउ बिजन खरिद बिक्री र बहुउद्देश्यीय किसिमका सेवाहरुमा यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाह गरी आर्थिक विकासमा टेवा पुऱ्याएका छन् ।

## १.६ सामाजिक विकासको अवस्था

### १.६.१ स्वास्थ्य तथा पोषण

नगरपालिकामा हाल इलाम जिल्ला अस्पतालका साथै ७ वटा स्वास्थ्य चौकी, २ वटा शहरी स्वास्थ्य केन्द्र, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य सेवा इकाई, १ वटा मातृशिशु सेवा क्लिनिक, १ वटा स्वास्थ्य हेल्प डेस्क, १० वटा निजी क्लिनिकहरु, ३७ वटा खोप केन्द्र र ४० वटा गाउँघर क्लिनिक केन्द्र रहेका छन् । यस नगरपालिकामा १२६ जना स्वास्थ्य स्वयम् सेविका कार्यरत छन् । करीब ५० प्रतिशत घरधुरी ३० मिनेट भन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्न सक्छन् । त्यस्तै करिब ९० प्रतिशत महिलाले स्वास्थ्य संस्थामा वच्चा जन्माउने गरेका छन् भने मातृ तथा वाल मृत्यु दर शुन्य छ । ९५.६ प्रतिशत वालवालिकाले पूर्णखोप लगाउने गरेका छन् । बालबालिकामा झाडा पखालाको संक्रमण दर प्रति हजार ३९.१ रहेको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको २०८०।८१ को तथ्याङ्कले देखाएको छ। यस इलाम नगरपालिकाको स्वास्थ्य क्षेत्र समग्रमा सुधारोन्मुख अवस्थामा छ । नगरपालिकाभित्र मेडिकल कलेज स्थापनार्थ सम्भाब्यता अध्यन तथा कोष व्यवस्थापन कार्यको समेत शुरुवात भएको छ ।

### १.६.२ शैक्षिक विकास

नगरपालिकामा सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण (सामुदायिक र संस्थागत समेत) हेर्दा पठनपाठनका लागि ३ वटा क्याम्पस, १ वटा बहुप्राविधिक शिक्षालय, माध्यमिक विद्यालय ३४ वटा, आधारभूत विद्यालय ४४ वटा र सामुदायिक सिकाई केन्द्र ४ वटा गरी जम्मा ८६ वटा शिक्षण संस्थाहरू रहेका छन् । महेन्द्र रत्न बहुमुखी क्याम्पस र सामुदायिक कृषि क्याम्पस यहाँका प्रमुख शिक्षण संस्थाको रुपमा रहेका छन् । यहाँ ५ वर्ष वा त्यो भन्दा माथी उमेर समूहको साक्षरता दर ८६.७% रहेको छ ।

### १.६.३ खानेपानी तथा सरसफाइ

CamScanner

इलाम नगरपालिकाको कुल घरधुरीमध्ये औषतमा ९५ प्रतिशत घरधुरीमा खानेपानी सेवाको पहुँच पुगेको छ जसमध्ये निजी धारा उपलब्ध घर परिवार ७० प्रतिशत रहेको छ । यसैगरी प्रशोधन गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी ९० प्रतिशत रहेको छ। र यहाँ १ पिउने पानी प्रशोधनशाला समेत रहेको देखिन्छ । बजार क्षेत्रबाहेक त्यसै गरी स्थानीय सरकार तथा समुदाय दुबैको तर्फबाट फोहोर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्न प्रयासरत छन् ।

### १.६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार इलाम नगरपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५१.२६ प्रतिशत रहेको छ तथा दलित घरधुरी संख्या ७०१ रहेको छ । पाश्र्वचित्र २०७५ अनुसार महिला स्वामित्वमा रहेको घर २५ प्रतिशत रहेको छ । विभिन्न शीर्षकमा सामाजिक सुरक्षा भत्ता सुविधा लिने जनसंख्या ३००९ रहेको छ । यस नगरपालिकामा महिला, युवा, किशोर– किशोरी, बालबालिका र ज्येष्ठ नागरिकको हितमा विभिन्न कार्यक्रमहरु हुने गरेको र उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उक्त वर्गको अधिकार र हित हुने खालका विभिन्न कार्यक्रमहरु समेत सञ्चालन हुने गरेको छ ।

### १.६.७ युवा, खेलकुद तथा कला

नगरपालिकामा हाल खेलकुदको लागि एक ठूलो सैनिक टुँडीखेल, २२ वटा खेलमैदान रहेकोमा जसमध्ये प्रतियोगितात्मक खेल आयोजना गर्न सकिने खेलमैदान संख्या ८ र ४ वटा कवर्ड हल, २ वटा खुला व्यायामशाला रहेको छ । दशै, तिहार, बुद्ध जयन्ती, उधौली, उभौली, माईवेनी मेला, माईपोखरी, रोपाईजात्रा, गाईजात्रा यहाँका मुख्य चाडपर्वहरु हुन् । पाटेनागी, इलाम चिया बगान, माईखोला जस्ता ऐतिहासिक स्थानहरुका साथै सुनुवार सङ्ग्रालय, अरनिको सङ्ग्रालय र लेप्चा सङ्ग्रालयहरु मार्फत कला, भाषा, संस्कृति र सम्पदाको जगेर्ना भइरहेको अवस्था छ । पछिल्लो समयमा विस्तारै होमस्टे संस्कारको विकासले पर्यटन क्षेत्रको प्रवद्र्धनमा थप टेवा पुर्‍याएको छ ।

## १.७ पूर्वाधार तथा शहरी विकासको अवस्था

### १.७.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

जिल्ला सदरमुकाम समेत रहेकोले यहाँ संघ तथा प्रदेश सरकारका विभिन्न कार्यालयहरु रहेको ईलाम बजार बाक्लो बस्ती भएको क्षेत्र हो । नगरपालिका र सवै वडा कार्यालयहरुमा गरी नगरपालिका मातहत जम्मा १३ वटा सार्वजनिक भवनहरु निर्माण भएको छन् । त्यसैगरी १५ वटा मनोरञ्जन पार्क, ८ वटा सार्वजनिक शौचालय र २ वटा बस पार्क सार्वजनिक जग्गामा निर्माण भएका छन् । यहाँ जिल्ला प्रहरी कार्यालय लगायत ७ वटा सुरक्षा एकाईहरु रहेका छन् ।

### १.७.२ सडक, पुल तथा यातायात

रणनैतिक सडकको रुपमा रहेको मेची राजमार्ग ५२.७३ कि.मि. र इलाम– माइपोखरी– सन्दकपुर सडकको इलाम खण्ड ९.२८ कि.मि सहित यस नगरपालिकामा कुल सडक करिब ७३१.८४ कि.मि रहेको छ । नगरपालिका अन्तर्गतको सडकमध्ये करिब ६८.४४ किलोमिटर मात्र कालोपत्रे छ भने बाँकी ग्राबेल र धुले सडक रहेको छ । यस नगरपालिकामा ७ वटा पक्की पुल, ७ वटा कल्भर्ट र २७ वटा झोलुङ्गे पुल रहेका छन् । यस नगरपालिकाको वडा नं ९ मा रहेको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलले देशको राजधानी काठमाण्डौसँग समेत सोझो पहुँच विकास गरेको छ ।

### १.७.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

CamScanner

विघुतको राष्ट्रिय प्रसारण लाइन इलाम नगरपालिका क्षेत्रमा समावेश भए पछि यहाँ ९६% विद्यतीकरण भएको देखिन्छ । यहाँ २ सब स्टेसन र ६६ संख्यामा ट्रान्सफरमरहरु रहेका छन् । यस नगरपालिका भित्र केही निमार्ण सम्पन्न र केही निमार्णधिन गरी १० वटा जलविघुतका आयोजनाहरु रहेका छन् । यस नगरपालिका क्षेत्रभित्र सडक बत्तीमा पहुँच पुगेको घरधुरी ७ प्रतिशत रहेको छ भने सुधारिएको चुलो प्रयोग गर्ने घरहरु १२ प्रतिशत रहेको छ ।

### १.७.४ सूचना, सञ्चार तथा प्रविधि

सुचना प्रविधिको प्रयोगको सन्दर्भमा नगरपालिका सन्तोषजनक अवस्थामा रहेको र यहाँका सबै वडामा इन्टरनेटको पहुँच पुगेको छ । स्वास्थ्य चौकी, विघालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको छ । रेडियो, टेलिभिजन, टेलिफोन तथा पत्रपत्रिका जस्ता सूचनाका माध्यमको पहुँचमा रहेका जनसंख्या ८० प्रतिशत रहेका छन् ।जसमध्ये इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या ७० प्रतिशत रहेको छ। इलाम बजारमा डिजिटल सूचना केन्द्र स्थापना गरिएको छ र नगरपालिकाका सेवाहरुलाई पुर्णरुपमा कम्प्युटरकृत गरिएको छ । हाल नगरपालिकामा इलाम जिल्ला हुलाक कार्यलय र ५ वटा अतिरिक्त हुलाक कार्यलय रहेका छन् । यहाँ ३ वटा एफ एम रेडियोहरु संचालनमा रहेका छन् भने विभिन्न अनलाइन पत्रिकाको साथै सन्दकपुर राष्ट्रिय दैनिक, इलाम पोष्ट दैनिक, इलाम एक्सप्रेस दैनिक र पूर्वमेची साप्ताहिक प्रकाशित हुने पत्रपत्रिकाहरु हुन् ।

## १.८ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### १.८.१ वन तथा जैविक विविधता

इलाम नगरपालिकाको वर्तमान भू–उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ४८ प्रतिशत वन क्षेत्रले, ४४.८ प्रतिशत खेतीयोग्य जमिनले, र ०.५८ प्रतिशत जलक्षेत्रले भू–भाग ओगटेको देखिन्छ । यहाँ प्राकृतिक रुपमा चिराइतो, बुढो ओखती, तितेपाती, कालीझार, सेतो बिख्मा, पाखनबेद, ओते आलु, सतुवा, ध्यूपात आदि जडिबुटीहरु पाइन्छ । यस नगरपालिकामा १ धार्मिक वन, ४ निजी वन र २७ सामुदायिक वन रहेका छन् । आर्थिक वर्ष २०७७।७८ मा नगरपालिका संघबाट वन, वातावरण र जलवायु क्षेत्रमा उत्कृष्ट नगरपालिकाको उपाधि समेत प्राप्त गरेको छ जसले गर्दा वन तथा वातावरण क्षेत्रमा विशेष प्राथमिकता राखेको पुष्टि हुन्छ ।

### १.८.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

जलक्षेत्रले ०.५८ प्रतिशत भू–भाग ओगटेको यस नगरपालिकामा वार्षिक औषत वर्षा करिब २५५० मि.मि. रहेको छ । यहाँका माई खोला, पुवामाई खोला, देउमाई खोला र जोगमाई खोला अत्यन्त महत्वपूर्ण जलश्रोतको रुपमा रहेका छन् । सार्वजनिक पोखरीहरु ९ वटा रहेको र व्यवसायिक माछापोखरीहरु ४६ वटा ले जमिनमा पानीको पुर्नभरणमा समेत योगदान पुर्याईरहेका छन् ।

### १.८.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

यस नगरपालिकामा विपद व्यवस्थापनलाई ध्यानमा राखेर दिगो र वातावरणमैत्री योजना अवलम्बन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण, संवद्र्धन र दिगो उपयोग गरी, जल वायु अनुकूलन तथा न्यूनीकरण पद्धतिको अवलम्बनका साथै वन, भू तथा जलाधार, विपद र फोहरमैला व्यवस्थापन गरी वातावरण मैत्री विकासको माध्यमबाट हरित र सफा नगर विकासमा नगरपालिकाले जोड दिएको छ ।

CamScanner

### १.८.४ महामारी तथा विपद् व्यवस्थापन

विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनरुथापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ । नगरपालिकाले हाल जोखिममा रहेका बस्तीलाई स्थानन्तरण गर्ने तथा विपतमा परिहाले तत्काल राहत उपलब्ध गराउने कार्य गर्दै आएको छ । नगरपालिकाले चौबिसै घण्टा सेवा प्रदान गर्ने गरी आपतकालीन कार्यसञ्चालन केन्द्र समेत चलाएको छ ।

### १.८.५ फोहोरमैला व्यवस्थापन

इलाम नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल साइट निर्माण गरिएको छ । नगरक्षेत्र भित्रबाट संकलन भएका फोहोरमैलालाई ल्याण्डफिल साइटमा विसर्जन गर्ने गरिएको छ ।यस नगरपालिकाले सहरलाई स्वच्छ तथा सफा राख्नका लागि सरसफाइ कर्मचारीहरुको व्यवस्था गरेको छ भने फोहोरमैला संकलन तथा विसर्जनकालागि ल्याण्डफिल साइट सम्म पुर्याउने प्रयोजनका लागि सवारीसाधनको समेत व्यवस्था गरेको छ ।उक्त सवारी साधनले नगरक्षेत्रका विभिन्न भु-भागमा गई फोहोरमैला संकलन गर्ने गरेका छन ।यस नगरपालिकाले फोहोरमैलालाई स्रोतमा नै वर्गीकरण गर्ने निती अनुरुप कुहिने र नकुहिने गरि फोहोरलाई वर्गीकरण गरी उक्त फोहोरमैला छुट्टाछुटै रुपमा संकलन गर्ने प्रवन्ध मिलाएको छ भने नरक्षेत्रभित्र संकलन हुने कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिवर्तन गर्ने उद्देश्यका साथ नगर क्षेत्रभित्र २ वटा कम्पोष्ट प्लान्ट समेत संचालनमा आएको छ । प्लाष्टिकजन्य प्रदूषण न्यूनिकरणका लागि नगरक्षेत्रलाई प्लाष्टिक निषेधित क्षेत्र घोषणा गरि सोको कार्यान्वयन निर्मम रुपमा भएको छ।

## १.९ सुशासन तथा संस्थागत व्यवस्था

नगरपालिकाको आन्तरिक श्रोतको परिभाषा भित्र मालपोत, घर बहाल कर, व्यवसाय कर, सवारीकर, घर नक्शा पास कर, मनोरञ्जन कर, पर्यटक कर, विज्ञापन कर, स्थानीय सेवा शुल्क मुख्य रुपमा रहेका छन् । यी विषयगत शिर्षकहरुका साथै प्रशासन अनुदान, विकास अनुदान आदि समेत उल्लेखनीय आर्थिक श्रोतहरु हुन् । नगरपालिकाले आर्थिक श्रोतहरु आन्तरिक तथा वाह्य गरी दुई पक्षबाट ग्रहण गर्दछ । विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिस प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय हुन्छ ।

### १.९.१ सङ्गठनात्मक विकास

इलाम नगरपालिकाको नगरसभामा ६४ जना जनप्रतिनिधिको प्रतिनिधित्व रहेको छ भने २५५ जना कर्मचारी कार्यरत छन् । आफ्नै भवन भएका वडा कार्यालय र नगरपालिका भवन सहित १३ वटा छन् । नगरपालिकाका वार्षिक योजनामा विभिन्न विकास क्षेत्रमा लगानी करिब ७८ प्रतिशत रहेको छ ।

नगर प्रमुखको नेतृत्वमा संचालित हुने गरी नगरपालिकाको प्रमुख ५ शाखाहरुमा विभाजन गरिएको छ । प्रशासन शाखा, पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा, आर्थिक प्रशासन शाखा, सामान्य प्रशासन महाशाखा, वित्त व्यवस्थापन महाशाखाहरु रहेका छन् । आर्थिक प्रशासन शाखाको मुख्य कार्य भनेको करको दायरालाई संभव भएसम्म बढाउने, कर असुली गर्ने, जिन्सी सामानको अभिलेख कायम गर्नु रहेको छ । यसैगरी बेरुजुको अवस्थालाई दुरुस्त र पारदर्शी पार्ने कार्य समेत रहेको छ ।

CamScanner

## २. पृष्ठभूमि

इलाम नगरपालिकाले आ.व. २०८०।८१ मा सम्पादन गरेका काम कारबाहीरुको समिक्षा गरि यो वार्षिक प्रगति प्रतिवेदन तयारी गरिएको छ । यो नगरपालिकाले प्रकाशन गरेको महत्वपूर्ण दस्तावेज हो, जसमा गत आर्थिक वर्षमा सम्पादन गरिएका कार्यहरु, योजनाहरु, परियोजनाहरु, विभिन्न विकासका गतिविधी तथा सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा सम्पादित सम्पूर्ण विवरणहरु उल्लेख गरि यस वार्षिक प्रगती प्रतिवेदनमा समावेश गरिएको छ । यस प्रतिवेदनले इलाम नगरपालिकाले सम्पादन गरेका काम कार्वाहीका सन्दर्भमा थप पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गर्न सहयोग पुर्याउने छ ।

यस प्रगति प्रतिवेदनले सार्वजनिक उत्तरदायित्व बढाई नागरिकहरूलाई सार्वजनिक स्रोतहरूको उपयोग र त्यसबाट प्राप्त उपलब्धिहरूको जानकारी गराउन मद्दत पुग्नेछ ।यसका अलावा यसले जनताको विश्वास र संस्थागत पारदर्शितामा योगदान पुर्‍याउनेछ ।यसका अतिरिक्त यस इलाम नगरपालिकाले गत आ.व.मा गरेका काम कारवाहीको सन्दर्भमा प्रगतिको समीक्षा गरि विभिन्न योजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्न मद्दत गर्दछ , जसका कारण कुन योजना कति प्रभावकारी रूपमा सम्पन्न भयो र अप्रभावकारी योजनालाई आगामी वर्षहरुमा कसरी प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन महत्वपूर्ण योगदान दिनेछ ।

साथसाथै यस वार्षिक प्रगती प्रतिवेदनले भविष्यको योजना निर्माणमा आगामी आर्थिक वर्षका लागि रणनीतिक योजनाहरू तय गर्नका लागि महत्वपूर्ण आधार प्रदान गर्छ जसले तथ्यमा आधारित भई योजना निर्माणमा कोशेढुङ्गा सावित हुनुका साथै यसमा आधारित रही भविष्यमा गर्नुपर्ने सुधारहरूको पहिचान गर्न सकिन्छ । यस प्रतिवेदनमा उल्लेख भएका प्रगति मापनका सूचकहरुमा आधारित रही बाह्य साझेदारहरू र विकास संस्थाहरूबाट आर्थिक वा प्राविधिक सहयोग प्राप्त गर्न प्रतिवेदनले महत्वपूर्ण भूमिका खेल्छ। यो संस्थाको कार्यक्षमताको मापन र विकासका गतिविधिहरूको मूल्याङ्कनको आधार बन्न सक्छ।

यस वार्षिक समिक्षा प्रतिवेदनमा इलाम नगरपालिकाको कार्यालय र मातहतका कार्यालयहरुले आ.व. २०८०।८१ मा गरेको कार्यहरुलाई समेटेर यस वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको हो ।जस अन्तर्गत इलाम नगरपालिकाका विषयगत शाखा, उपशाखा, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुले १३औं नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था तथा सोको प्रगती सम्बन्धी संक्षिप्त विवरणहरुलाई समेटेर यो वार्षिक प्रगती प्रतिवेदन निर्माण गरिएको छ ।इलाम नगरपालिकाले निर्माण गरेको आवधिक योजना, वार्षिक निति तथा कार्यक्रम, राष्ट्रिय उद्देश्य एवं दिगो विकासका लक्ष्यहरुले मार्गनिर्देश गरेका विषयमा आधारित रहि संचालित कार्यक्रमहरुको प्रभावकारिताका विषयमा यस वार्षिक प्रगति प्रतिवेदनले मद्दत पुर्याउनेछ ।

### २.१ वार्षिक प्रगति प्रतिवेदनको महत्व

- पारदर्शिता र विश्वासः प्रतिवेदनले स्रोत साधनहरूको प्रयोगबारे पारदर्शिता कायम गर्छ, जसले नागरिकहरू र सम्बन्धित पक्षहरूसँग विश्वास कायम राख्न मद्दत पुर्‍याउँछ।
- समय सापेक्ष अनुगमनः यसले योजनाहरूको अनुगमन गर्न सजिलो बनाउँछ र प्रगतिको समयमै मूल्याङ्कन गर्न सहयोग पुर्‍याउँछ।
- तथ्यमा आधारित निर्णयः प्रतिवेदनमा समावेश गरिएका तथ्याङ्कहरुले नीतिगत निर्णयहरूलाई सशक्त बनाउँछ, जसले प्रभावकारी योजना निर्माणमा योगदान पुर्‍याउँछ।
- विकासको उचित मूल्याङ्कनः नगरपालिकाले गरेका विकासका कार्यहरूको मूल्याङ्कन गर्न यो प्रतिवेदन महत्वपूर्ण साधनको रुपमा रहन सक्छ। यसले प्रगति, बाधा तथा अवरोध, र सुधारका अवसरहरू स्पष्ट पार्न मद्दत पुर्याउछ।

### २.२ वार्षिक प्रगति प्रतिवेदनको उद्देश्य :

- संस्थाको कार्यसम्पादन मूल्याङ्कनः संस्थाको वार्षिक कार्यसम्पादनको समीक्षा गर्ने र प्रगति मापन गर्ने।



CamScanner

- आर्थिक पारदर्शिताः आर्थिक स्रोतहरूको प्रयोगबारे सटीक जानकारी उपलब्ध गराई, सार्वजनिक कोषको सदुपयोग तथा सोको प्रभावकारी व्यवस्थापनलाई सुनिश्चित गर्नु।
- स्थानीय विकासः विभिन्न विकास योजना र परियोजनाहरूको सफल कार्यान्वयनलाई सुनिश्चित गर्दै स्थानीय स्तरमा दिगो विकासलाई प्रवर्द्धन गर्ने।
- चुनौतीको पहिचानः कार्यान्वयनका क्रममा आएका समस्या र अवरोधहरूको विश्लेषण गर्ने र तिनको समाधानको उपाय पहिल्याउने।

२.३ प्रतिवेदन निर्माणमा रहेका बाधा, अवरोध, तथा सीमाहरू :

- स्रोतको अभावः दक्ष जनशक्तिको अभाव तथा पर्याप्त स्रोत साधनका अभावले गर्दा प्राप्त सिमित स्रोत साधनहरूको उपयोग गरि यो प्रतिवेदन तयार गरिएको हुँदा यसले गुणस्तरमा असर पर्न सक्छ।
- तथ्याङ्कको उपलब्धताः कतिपय विषयहरुको सटिक र पर्याप्त तथ्याङ्कको उपलब्धता नभएको कारण प्रतिवेदनमा त्रुटि वा अपूर्णता हुन सक्छ, जसले योजनाको प्रभावकारिता मापन गर्न कठिनाइ उत्पन्न गर्छ।
- तथ्याङ्कको विश्लेषणः यस प्रतिवेदनको तयार गर्ने क्रममा प्राप्त तथ्याङ्कहरुको संख्यात्मक विश्लेषण (Quantitative Analysis) गरिएको हुँदा गुणात्मक विषय तथा विभिन्न तथ्यहरुको विस्तृत विवेचना तथा व्याख्या गरिएको छैन।
- प्रतिवेदन तयारी :- उपलब्ध स्रोतसाधन, समय र तथ्याङ्कीय सिमितताका कारण प्रतिवेदन तयारी स्थलगत रुपमा नभइ प्राप्त तथ्याङ्कमा आधारित भई कार्यालयमा डेस्क रिपोर्ट तयार गरिएको हो ।

२.४ <u>कार्यकारी सारांश</u>

१. आर्थिक वर्ष २०८०।८१ मा संघीय सरकार, प्रदेश सरकार, राजश्व बाँडफाँट तथा आन्तरिक श्रोतबाट जम्मा बजेट रु. ९१ करोड ९४ लाख ४५ हजार ३५३ विनियोजन भएकोमा (संघ, प्रदेश सरकारको सशर्त अनुदान रकम तथा दातृ निकायबाट प्राप्त रकमहरु) थप भई ९६ करोड ३५ लाख ४५ हजार ३५३ रुपैया कुल बजेट कायम हुन गयो । यस आ.व.को बजेटको कार्यान्वयनको अवस्था हेर्दा चालु तथा पुँजीगत तर्फ गरि कुल बजेटको ८२.४३ प्रतिशत वित्तीय प्रगती भएको पाइएको छ ।

२. आ.व. २०८०।८१ मा कुल बजेटको ६५ करोड ८ लाख ७२ हजार ९८४ रकम चालुतर्फ विनियोजन गरिएकोमा वित्तीय प्रगती ८५.४१ प्रतिशत रहेको छ भने पुँजीगत तर्फ २६ करोड ८६ लाख ७२ हजार ३६९ विनियोजित रकम मध्ये वित्तीय प्रगती ८८.५१ प्रतिशत रहेको छ ।

३. आ.व २०८०।८१ को अन्त्य सम्ममा आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति भएको घरपरिवार संख्या ९५ प्रतिशत रहेको छ ।

४. आ.व. २०८०।८१ को अन्त्य सम्ममा बेरोजगारी दर ६ प्रतिशत रहेको छ भने सूचीकृत बरोजगारको संख्या १०८२ रहेको छ ।बैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको संख्या १४३९ रहेको छ भने बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको संख्या १२०२ रहेको छ ।

५. आ.व. २०८०।८१ को अन्त्य सम्ममा यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारीहरुको संख्या जम्मा १०८ वटा रहेको छ जसमध्ये कृषि सहकारीहरु ४४, दुग्ध सहकारी २३, बचत तथा ऋण सहकारी २०, बहुउद्देश्यीय सहकारी १२ तथा चिया, कफी र अन्य क्षेत्रसँग सम्बद्ध सहकारीहरुको संख्या ९ रहेको छ ।

६. आ.व. २०८०।८१ को अन्त्यसम्ममा नगरभित्र संचालन भएका प्राविधिक धारका विद्यालय संख्या १, बहुप्राविधिक शिक्षालया १, क्याम्पस २, सामुदायिक विद्यालय तथा सिकाई केन्द्रहरु ४७ र संस्थागत ता निजी विद्यालयहरु २७ रहेका छन ।



CamScanner

७. आ.व. २०८०।८१ को एस.इ.इ परिक्षाको नतिजा अनुसार कुल उतिर्ण दर ५५.८१ रहेको छ ।

८. आ.व. २०८०।८१ को माध्यमिक शिक्षा (कक्षा १२) परिक्षाको नतिजा अनुसार कुल उतिर्ण दर ४८.६७ रहेको छ ।

९. आ.व. २०८०।८१ को अन्त्यसम्ममा बाह्रै महिना सिंचाई प्रविधिबाट सिंचित क्षेत्रफल २४९३ हेक्टर रहेको छ ।

१०. आ.व. २०८०।८१ को अन्त्यसम्ममा कृषि पकेट क्षेत्र संख्या १२ रहेको छ भने कृषिमा यान्त्रीकरण अवलम्बन गर्ने कृषक १२ प्रतिशत रहेका छन । नगरक्षेत्र भित्र सुविधासम्पन्न पशुपंक्षी बधशाल संख्या १ रहेको छ भने शितभण्डारण गृह संख्या १ रहेको छ ।

११. आ.व. २०८०।८१ को अन्त्यसम्ममा नगरक्षेत्र भित्र ६० वटा होटल तथा लज रहेका छन जसमा कुल बेड संख्या ६०० रहेको छ ।यसैगरी होमस्टे संख्या ५० वटा रहेका छन जसमा कुल बेड संख्या २५० रहेको छ ।

१२. आ.व. २०८०।८१ को अन्त्यसम्ममा आधारभूत खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या ९५ प्रतिशत रहेको छ । निजी धारा भएको घरपरिवार ७० प्रतिशत रहेको छ । प्रशोधित वा पानी शुद्धिकरण गरि पिउने घर संख्या ९० प्रतिशत रहेको छ । यसैगरी मापदण्डयुक्त शौचालय भएको परिवार संख्या ९९ प्रतिशत रहेको छ भने सार्वजनिक शौचालय संख्या ७ रहेको छ ।

१३. आ.व. २०८०।८१ को अन्त्यसम्ममा कभर्ड हल संख्या ३ रहेको छ भने खुल्ला व्यायामशाला संख्या २ रहेको छ । सामुदायिक खेलमैदान संख्या २२ रहेको छ भने बाल क्लब संख्या ७३ रहेको छ ।

१४. आ.व. २०८०।८१ को अन्त्यसम्ममा नगरभित्रका (नगरजोड्ने) पक्की पुल संख्या ४ रहेको छ नगरभित्रका झोलुङ्गेपुल संख्या ८, नगरभित्रका पोखरी तथा ताल संख्या ४ रहेको छ ।

१५. आ.व. २०८०।८१ को अन्त्यसम्ममा समयमानै सम्पन्न भएका आयोजनाहरु ९५ प्रतिशत रहेको छ ।नगर भित्र रहेको पक्की आवास संरचना १७.९ प्रतिशत रहेको छ । जस्ताको छानो भएका घरहरु ८०.९ प्रतिशत रहेको छ, फुसको छानो भएको घरहरु ०.३ प्रतिशत रहेको छ भने अन्य प्रकारको छानो भएको घरहरु १.८ प्रतिशत रहेको छ ।

१६. आ.व. २०८०।८१ को अन्त्यसम्ममा नगरक्षेत्र भित्र रहेका सामुदायिक बनहरुको संख्या २७ रहेको छ भने वनक्षेत्रले ढाकेको क्षेत्रफल ४८ प्रतिशत रहेको छ ।

१७. आ.व. २०८०।८१ को अन्त्यसम्ममा वातावरणमैत्री घोषणा भएका वडा संख्या ० (शुन्य) रहेको छ ।व्यवस्थित ल्यान्डफिल साइट संख्या १ रहेको छ भने फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने घरधुरी ७० प्रतिशत रहेको छ ।

१८. आ.व. २०८०।८१ को अन्त्यसम्ममा स्वीकृत निति ३ वटा, ऐन २४ वटा, नियम तथा बिनियम ९ वटा, निर्देशिका, कार्यविधि र मापदण्डा ६९ वटा रहेका छन ।

१९. आ.व. २०८०।८१ को अन्त्यसम्ममा नगरपालिकामा कार्यरत कुल मानव संसाधन २५५ जना रहेका छन जसमध्ये प्राविधिक जनशक्ति १०१ जना तथा सवारी चालक १६ जना रहेका छन ।

**३. प्रगती सूचक**

**३.१ आ.व २०८०।८१ को क्षेत्रगत बजेट तथा खर्च सम्बन्धी विवरण**



CamScanner

१. आर्थिक विकास : आर्थिक विकास सम्बन्धी विषयगत क्षेत्र अन्तर्गत कुल विनियोजित बजेट ११ करोड ५२ लाख ८३ हजार २५ रुपैया रहेकोमा खर्च १० करोड २५ लाख ५८ हजार ५२ रुपैया रहेको छ जुन आर्थिक विकास तर्फ विनियोजित कुल बजेटको ८९.२२ प्रतिशत रहेको छ ।

२. सामाजिक विकास : सामाजिक विकास सम्बन्धी विषयगत क्षेत्र अन्तर्गत कुल विनियोजित बजेट ४४ करोड ३३ लाख १४ हजार ८५७ रुपैया रहेकोमा खर्च तर्फ ४० करोड ७९ लाख ६६ हजार १५७ रुपैया ६७ पैसा रहेको छ जुन सामाजिक विकास तर्फ विनियोजित कुल बजेटको ९२.०३ प्रतिशत रहेको छ ।


३. पूर्वाधार विकास : पूर्वाधार विकास सम्बन्धी विषयगत क्षेत्र अन्तर्गत कुल विनियोजित बजेट १४ करोड ६९ लाख ३३ हजार ४८० रुपैया रहेकोमा खर्च तर्फ १२ करोड ६९ लाख ५१ हजार ४९३ रुपैया ६० पैसा रहेको छ जुन सामाजिक विकास तर्फ विनियोजित कुल बजेटको ८५.४४ प्रतिशत रहेको छ ।

४. शुसासन तथा अन्तरसम्बन्धित क्षेत्र : शुसासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत कुल विनियोजित बजेट ४ करोड ६९ लाख १६ हजार ५० रुपैया रहेकोमा खर्च तर्फ २ करोड ४१ लाख ५६ हजार ९८१ रुपैया ८५ पैसा रहेको छ जुन सामाजिक विकास तर्फ विनियोजित कुल बजेटको ५१.४९ प्रतिशत रहेको छ ।


५. कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र : कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र अन्तर्गत कुल विनियोजित बजेट १६ करोड ७० लाख ९७ हजार ९४१ रुपैया रहेकोमा खर्च तर्फ १३ करोड ३२ लाख १६ हजार ६६२ रुपैया २९ पैसा रहेको छ जुन सामाजिक विकास तर्फ विनियोजित कुल बजेटको ७९.७२ प्रतिशत रहेको छ ।

### ३.२ आ.व. २०८०।८१ को बजेट खर्चको यथार्थ विवरण

| क.सं. | वार्षिक कार्यक्रम | बिनियोजित रकम | खर्च रकम | वित्तीय प्रगती (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | चालु तर्फ (कार्यक्रम समेत) | ६५,०८,७२,९८४ | ५५,५९,२९,४५९.५८ | ८५.४१ |
| २. | पुँजीगत तर्फ | २६,८६,७२,३६९ | २३,७८,०९,८८८.७३ | ८८.५१ |
| | जम्मा | | | |




*चित्र १ : आ.व. २०८०।८१ को चालु तथा पुँजिगत तर्फको बिनियोजित रकम*




*चित्र २ : आ.व. २०८०।८१ को चालु तथा पुँजिगत तर्फको विनियोजन तथा खर्च रकम*

### ३.३ आ.व. २०८०।८१ को सडक तथा पुलतर्फको समग्र प्रगती सूचक

| उपलब्धी सूचक | इकाइ | गत वर्ष सम्म | यस वर्ष २०८०।८१ प्रगति | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| पक्की सडक निर्माण (कालोपत्रे ढलान) | कि.मि. | ७२.६१ | ३.९९ | ७६.६ |
| बाह्रमासे सडक | कि.मि. | २३९.५५ | २.८२ | २४२.३८ |
| धुले सडक | कि.मि. | ६६१.०१ | ६.४६ | १२२.४३ |
| ग्राभल | कि.मि. | ११५.९६ | ६.४६ | १२२.४३ |
| झोलुङ्गे पुल | संख्या | ६ | १ | ७ |
| पक्की पुल | संख्या | ६ | - | ६ |

### ३.४ आ.व. २०८०।८१ को भवनतर्फको समग्र प्रगती सूचक

| उपलब्धी सूचक | इकाइ | गत वर्ष सम्म | यस वर्ष २०८०।८१ प्रगति | हालसम्मको जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| सिटी मार्ट | संख्या | १ | - | १ | |
| सिटी हल | संख्या | १ | - | १ | |
| वसपार्क भवन | संख्या | २ | - | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा कार्यालय भवन निर्माण | संख्या | ९ | - | ९ | |
| स्वास्थ्य संस्था भवन निर्माण | संख्या | ११ | १ | १२ | |
| रंगशाला | संख्या | २ | - | २ | माइखोला छेउमा १ निर्माणाधीन |
| सामुदायिक भवन निर्माण | संख्या | १२ | - | १२ | |
| सित भण्डारण गृह | संख्या | १ | - | १ | |


**३.५ इलाम नगरपालिकाको आ.व २०८०।८१ मा भौतिक पूर्वाधार निर्माण तर्फ भएको कार्य तथा प्रगती विवरण**

| कार्य | प्रगति | कार्य | प्रगति |
|---|---|---|---|
| सडक कालो पत्रे | २.५३ कि.मि | पक्कि नाली निर्माण | २.८० कि.मि. |
| सडक आर.सि.सि | १.४६ कि.मि. | सडक चौडाइ गर्ने | २.८२ कि.मि |
| सडक ग्रावेल | ६.४६ कि.मि. | सडक सरसफाई | ११६.२ कि.मि. |
| नयाँ सडक निर्माण | २.१७ कि.मि. | ग्याविन जाली | ४४१.१ घ.मि. |
| सडक सोलीङ्ग निर्माण | ३.७७ कि.मि | मेसिनरि वाल | ६३.३५ मिटर |
| खानेपानी पाइप खरिद ज्मए | १६२.१७ कि.मि | सिढि निर्माण | १९० मिटर |
| आरसिसि रिजभ टेंकि निर्माण | ३ वटा | रेलिङ्ग निर्माण | १२७.२५ मिटर |
| पोलीटेंक खरिद | ३ वटा | फुटपाथ निर्माण | ७८ मिटर |
| गुम्वा मर्मत | ३ वटा | नयाँ शौचालय भवन निर्माण | २ वटा |
| सामुदायिक भवन मर्मत | २ वटा | स्वास्थ्य भवन नयाँ | १ वटा |
| विद्यालय भवन मर्मत | ४ वटा | विद्यालय भवन मर्मत | ४ वटा |




CamScanner

*आ.ब. २०७९/८० र आ.ब. २०८०/८१ सालको बिभिन्न किसिमका सडक निर्माण सम्बन्धी तुलनात्मक तालिका*




*आ.ब. २०८०/८१ सालमा भएका बिभिन्न सडक निर्माण सम्बन्धी तुलनात्मक विवरण*



३.६ आ.व. २०८०।८१ को आय सम्बन्धी विवरण

| शीर्षक | प्रस्तावित आय |
|---|---|
| संघीय सरकार | ५८,७३,४६,०००.०० |
| १३३११ समानिकरण अनुदान | १४,५३,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३७,४६,६०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५,७३,८६,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० |
| प्रदेश सरकार | ३,६२,३९,०००.०० |
| १३३११ समानिकरण अनुदान | ९३,१४,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३७,७५,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,०१,५०,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | १,३०,००,०००.०० |
| राजस्व बाडफाड | १४,७०,५०,०००.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १,५०,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,११,२८,८५९.२३ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३,७५,६२,१४०.७७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,२२,४९,०००.०० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १०,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १,००,०००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०,००,०००.०० |
| अन्तरिक श्रोत | १४,८९,१०,३५३.०० |
| ११३१३ सम्पती कर | ८०,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | ८५,००,०००.०० |
| ११३१७ वहाल कर | १,००,००,०००.०० |
| ११३१८ वहाल विटौरी कर | १,००,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १,००,०००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५,००,०००.०० |
| ११६९१ अन्य कर | १०,०००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १,८०,००,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,२०,००,०००.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० |
| १४२१६ निजी धारा वापतको शुल्क | २,५०,००,०००.०० |

| | |
|---|---|
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ७०,००,०००.०० |
| १४२२१ न्यायिक दस्तूर | १०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | २,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५०,०००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ७,५०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | ५४,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | १,००,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | १०,००,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५,००,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ५०,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १०,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,०००.०० |
| १४३१३ धरौटी सदरस्याहा | १,००,०००.०० |
| १४६११ व्यवसाय कर | ५५,००,०००.०० |
| १५१११ बेरूजू | १,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | ३,२०,२०,३५३.०० |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ० |
| जनसहभागिता | ० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ० |
| जम्मा | ९१,९५,४५,३५३.०० |

## अनुसूची २

आज मिति २०८१।१२।३० गते आइतबारका दिन इलाम नगरपालिकाका प्रमुख श्री केदार थापाज्यूको अध्यक्षतामा निम्नानुसारका पदाधिकारीज्यूहरु, प्र. प्र. अ., वडा सचिव विभिन्न शाखाका शाखा प्रमुख लगायत उपस्थित कर्मचारीहरुको सहभागितामा इलाम नगरपालिकाको आ. व. २०८०/८१ को वार्षिक प्रगति समीक्षा बैठक सम्पन्न गरी निम्नानुसारको निर्णय गरियो।

उपस्थित :-

प्रमुख श्री केदार थापा

उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु (ढकाल)

प्र. प्र. अ. श्री जनेश कुमार खड्का

वडाध्यक्ष श्री जयकिराँत बस्नेत

" श्री गिरिराज रिजाल

" श्री हेम बहादुर सुनुवार

" श्री नतनदेव दुलाल

" श्री काजी बहादुर श्रेष्ठ

" श्री दुर्गा श्रेष्ठ

" श्री नरेश श्रेष्ठ

" श्री दलमान तामाङ

" श्री गोपाल चौहान

" श्री ओमनाथ प्रधान

" श्री टंसी अबेङ

" श्री लोकमान लिम्बु

का. पा. स. श्री कुमारी लवाङन

" श्री धनमाया लिम्बु

" श्री बिबे लिम्बु

" श्री सारिमाया कामिनी

" श्री देवेन्द्र मुक्तिपा

" श्री दिपक तिवारी

" श्री बिरेन्द्र बहादुर राई

शा. अ. श्री राधिका घिमिरे

[illegible]

प्र.जि.अ. श्री बबुल भक्त राज
,, श्री ऋषभ नवीपाने
गौतम गुरुङ,, इ.न.पा.१९
वासु देव पौडेल, सव इन्जिनियर
हेमसागर सापकोटा, आमिन
उपेन्द्रराज खनाल
कल्पना गजमेर
चन्द्रकला अधिकारी
गौरा भट्टराई
रोशन भट्टराई
मन कुमार गुरुङ
दीप बहादुर थापा
रेवराज अर्याल
इन्द्रनाथ धिमिरे
रवेन्द्र क बस्नेट इ.न.पा.६
रामचन्द्र नेपाल इ.न.पा.४
होम प्र.शिवाकोटी इ.नं.पा २
लालदेव मण्डल आयुर्वेद शाखा
उपेन्द्र नेपाल कृषि विकास शाखा
विष्णु प्र. भट्टराई न्यायिक समितिको सचिवालय
प्रकाश लुइँटेल पशुपन्छी विकास शाखा
मोहन लिम्बु शिक्षा विकास महाशाखा
देवेन्द्र कोइराला रोजगार रोजगार शाखा
तिर बहादुर गजमेर खानेपानी सरसफाई तथा स्वास्थ्य
महेश दाहाल ? उपाध्यक्ष शाखा
पशुपतीनाथ भट्टराई पाइप्रेरणा शाखा
राजेश पाण्डेली न्यायिक समिति
ओमप्र. लतिखा आ.प्र.शा.
सुशिला वि.क वडा सदस्य इ.न.पा. ४
कमल कुमार भीमाली
रंजित सारवेपा

दिपना आचार्य – भूमिका बालबालिका साथ।
प्रेम प्रसाद पाण्डे – सहकारी संस्था प्रमुख
मदन कुमार गुरुङ उ.ने.पा.
अर्जुन थापा ” ५ १५ नं.पा.
दिलिप धाहाल सचिवालय कर्मचारी
गीता रवाल नागरिक
ललित व. मगर राई कां.न.पा. १२
धर्मेन्द्र पराजुली ने.प्र.

## निर्णय

(१) खुला छलफलमा आएका सुझावहरुलाई टिपोट गर्ने कार्य भई तत्काल उठेका जिज्ञासाहरुमा प्रष्ट गर्ने कार्य सम्पन्न गरियो साथै नगरपालिकाको निम्न प्रयासको सराहना गर्दै नगरपालिकाको सेवा प्रवाहको स्तर अझ अभिवृद्धि गर्नु पर्ने सुझावमा छलफल गरियो ।

निम्न :–

- जन प्रतिनिधिहरुबाट आफू भ्रष्टाचार नगर्ने र गर्न समेत नदिने शपथ ग्रहण साथै आचारसंहिता कार्यान्वयन ।
- सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्र.प्र.अ. र शाखा प्रमुख बीचमा कार्यसम्पादन संझौता कार्यान्वयन ।
- वडास्तरसम्म अनलाइन राजश्व प्रणाली, विद्युतीय हाजिरी प्रणाली, सिसिटिभी क्यामेराको प्रयोग ।
- आम जनताहरुको गुनासो सुनुवाइका लागि प्रत्येक सार्वजनिक विद्यालयमा ६।६ महिनामा वडाध्यक्षको नेतृत्वमा सार्वजनिक सुनुवाइ गर्ने नीति ।
- नगरपालिकाको महत्वपूर्ण सेवा प्रवाह मध्येको एक नक्सापास प्रक्रियालाई छिटो छरितो सहज गर्नका लागि क्षतिपूर्ति दिने समेत व्यवस्था ।
- सूचनाको हकको प्रावधानबमोजिम प्रत्येक ३।३ महिनामा स्वत: प्रकाशनको व्यवस्था ।
- नगर प्रहरी डेस्क, स्वास्थ्य हेल्प डेस्क र एमआरसिमार्फत सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि बुझ्ने व्यवस्था ।
- गुनासोहरुलाई शीघ्रातिशीघ्र सुनुवाइका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था ।
- प्रशासनिक खर्च कटौती र आय अभिवृद्धिको प्रयास ।
- नगरको समग्र विकासका लागि सकारात्मक लक्षण ।
- हप्ताको एक दिन भए पनि हवाइ सेवा उडानको पहल ।
- खानेपानीको समस्यामा व्यापक सुधार ।

(२) इलाम नगरपालिकाको आ.व. ०८०।०८१ को वार्षिक प्रगति विवरणमा छलफल तथा समीक्षा हुँदा सो वार्षिक प्रगति विवरणलाई निम्न सुझाव/निष्कर्षसहित सम्पन्न गरियो ।

निम्न :–

- नगरपालिकाअन्तर्गतका विषयगत समिति र नगरपालिकाअन्तर्गत गठित अन्य विभिन्न समिति तथा कार्यदलहरुको प्रभावकारिता बढाउनु पर्ने ।
- कार्यपालिका सदस्यहरुलाई अझ जिम्मेवार र जवाफदेही बनाउन नगरपालिकाअन्तर्गत गठन हुने समिति, उपसमिति तथा कार्यदलहरुमा जिम्मेवारी दिई सक्रिय गराउनु पर्ने ।
- वडा कार्यालय, विद्यालय, वडास्तरीय स्वास्थ्य केन्द्रहरुमा औजार उपकरण तथा सवारी साधनको व्यवस्थापनका लागि आवश्यकता पहिचान गर्नु पर्ने ।
- अन्तरपालिका समन्वय र संयुक्त साझेदारीका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्नु पर्ने ।
- नगरमा क्रियाशील गैरसरकारी संस्था र सहकारी संस्थाहरुको लेखा परीक्षण तथा आवधिक रिपोर्टिङ्ग समयमा भए नभएको अनुगमन गर्नु पर्ने र यस कार्यका लागि उपप्रमुखको नेतृत्वमा कार्यपालिका सदस्यहरुलाई फिल्ड परिचालन गराउनु पर्ने
- नगरको व्यापार व्यवसाय ह्रासोन्मुख अवस्थातर्फ रहेकोले यसलाई सुधारको लागि पहल गर्नु पर्ने र कृषि उपजहरुको बजारीकरण तथा औद्योगिकीकरणमा ध्यान दिनु पर्ने ।
- इलाम नगरलाई नेपालको पहिलो सफा सहर बनाउने तर्फ लाग्नु पर्ने र स्थानीयस्तरको जलवायु अनुकुलन योजनालाई कार्यान्वयन गर्नु पर्ने ।
- ट्राफिक व्यवस्थापनलाई प्राथमिकतामा राख्नु पर्ने र सो कार्यका लागि नगर प्रहरीको परिचालनमा प्रभावकारिता ल्याउनु पर्ने ।
- राजश्व सुधार कार्ययोजना तयार गरी सा.नि.सा. अवधारणा जस्ता वैकल्पिक अन्य स्रोतहरू खोजी गरी घरेलु उद्योगलाई प्रवर्धन गर्नु पर्ने ।
- नगरको बजेटलाई सबै पक्ष र तल्लो तहसम्म पुऱ्याउन विशेष ध्यान दिदै उपभोक्ता लाभग्राहीहरुको लागत सहभागितामा एकरुपता ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्ने ।
- नगरको पर्यटन विकास तथा प्रवर्द्धनलाई ध्यान दिनु पर्ने र पर्यटन सूचना केन्द्रलाई यथाशीघ्र सञ्चालनमा ल्याउनु पर्ने ।
- विद्यालयहरुको नियमित अनुगमनमा ध्यान दिई अनुगमन प्रतिवेदनलाई कारवाहीमा लग्नु पर्ने ।

अनुसूची ३

इलाम नगरपालिका दोश्रो कार्यपालिका बैंठकको निर्णय मिति २०८१/०६/०६

गर्नेछ । यस्ता संस्थाहरुबाट पदाधिकारीहरुलाई आमन्त्रण गर्दा अर्थ मन्त्रालय वा परराष्ट्र मन्त्रालय वा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत मात्र गर्नु पर्नेछ" भनी लेखि आए बमोजिम गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ८

इलाम नगरपालिकाका उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो ।

निर्णय नं. ९

इलाम नगरपालिकाको आ.व.०८१।०८२ को बार्षिक बजेट तथा कार्यक्रम को क्र.सं.४३१ न्यायिक समिति तथा मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन शिर्षक अन्तर्गतको विनियोजित बजेटबाट रु. २ लाख हिंसा पीडित महिलाका लागि अस्थायी आश्रय स्थल संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

आ.व. २०८०/८१ को बार्षिक समीक्षामा उठाइएका सवालहरु बैठकमा पेश भई छलफल भयो । उक्त विषयहरुको सम्बोधनका लागि निम्नानुसार गर्ने निर्णय गरियो ।

निम्न :-

१. राजश्व सुधार कार्ययोजना तयार गर्ने ।
२. उपभोक्ता लाभग्राहीहरुको लागत सहभागितामा एकरुपता ल्याउने ।
३. नगरपालिका क्षेत्रमा कृयाशील सबै गैरसरकारी क्षेत्रको बजेटलाई नगरपालिकाको बजेटमा
४. समावेश गर्ने ।
५. अन्तरपालिका स्तरिय साझेदारीका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने ।
६. वडा स्वास्थ्य संस्था, विद्यालयमा कम्प्युटर लगायतका उपकरणहरु र कार्यालयका विभिन्न शाखा तथा वडा कार्यालयका लागि सवारी साधनको व्यवस्थापन आवश्यकता र औचित्य अनुसार पुरा गर्ने ।
७. कार्यपालिका सदस्यहरुलाई जिम्मेवारी प्रदान गर्ने ।
८. विद्यालयहरुको नियमित अनुगमन गर्ने ।

निर्णय नं. ११

चालु आ.व.०८१/०८२ मा इलाम नगरपालिकाका वडा नं.१,२,५ र ६ लाई बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी कार्य परामर्शदाता मार्फत अघी बढाउनका लागि देहाय बमोजिमको कार्य सम्पादन शर्त र लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner